आज मिति २०८१ भाद्र १० (ने.सं. ११४४ गुँलागा ७ सोमबार) गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाको अध्यक्षता जिल्ला विपद् व्यवस्थापन समितिका देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठकबसी तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.नं. | पदाधिकारीको नाम | पद | निकाय | प्रतिनिधित्व | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री अनिता निरौला | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष | |
| २. | श्री लवश्री न्यौपाने | नगर प्रमुख | रामेछाप नगरपालिका | सदस्य | |
| ३. | श्री प्रेम बहादुर थापा | उप-प्रमुख | जिल्ला समन्वय समिति | सदस्य | |
| ४. | श्री इश्वरी बस्नेत | उप प्रमुख | मन्थली नगरपालिका | सदस्य | |
| ५. | श्री लेख बहादुर कार्की | उप सभापति | नेपाली काँग्रेस | सदस्य | |
| ६. | श्री प्रंकाश कार्की | सचिव | नेकपा एमाले | सदस्य | |
| ७. | श्री हेमन्त पौडेल | प्रतिनिधि | नेकपा माओवादी | सदस्य | |
| ८. | श्री नारायण बहादुर बस्नेत | प्रतिनिधि | राष्ट्रिय स्वतन्त्र पार्टी | सदस्य | |
| ९. | श्री शिवजी घिमिरे | उपाध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी | सदस्य | |
| १०. | श्री विकास पुलामी | प्रतिनिधि | नेकपा एकिकृत समाजबादी | सदस्य | |
| ११. | ~~श्री प्रमोद पौड्याल~~ भरत पुरी | ~~प्रमुख~~ सेनानी | खड्गदल गण रामेछाप | सदस्य | |
| १२. | श्री प्रदिप कुमार सिंह | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय रामेछाप | सदस्य | |
| १३. | श्री उमा अधिकारी | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य | |
| १४. | श्री प्रभाकर क्षेत्री | स.प्र.नि. | सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म | सदस्य | |
| १५. | श्री रितु कु. बज्राचार्य | सि.डि.ई. | पुर्वाधार वि.का. कार्यालय | ,, | |
| १६. | युवराज खड्का | अधिकृत | खा. तथा सरसफाइ व्यवस्थापन कार्यालय रामेछाप | ,, | |
| १७. | रत्न प्रसाद कडेल | अध्यक्ष - | जे.सं.प. महासंघ | ,, | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

| सि.नं. | पदाधिकारीको नाम | पद | निकाय | प्रतिनिधित्व | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १८. | प्रकाश थापा | प. स्वा. प्रा. | पशु सेवा केन्द्र | सेवा केन्द्र प्रमुख | [signature] |
| १९. | डिपेन्द्र ज्ञवाली | कार्यालय प्रमुख | विद्युत प्राधिकरण | - | [signature] |
| २०. | वद्री नयाँघरे | अध्यक्ष | नेपाल पत्रकार महासंघ | | [signature] |
| २१. | प्रकाश श्रेष्ठ | वरिष्ठ-उपाध्यक्ष | रामेछाप उद्योग वाणिज्य संघ रामेछाप | सदस्य | [signature] |
| २२. | ज्ञान व. खड्का | अध्यक्ष | fecofun, रामेछाप | सदस्य | [signature] |
| २३. | दुर्गा वहादुर श्रेष्ठ | मन्त्री | NRCS Ramechhap | सदस्य | [signature] |
| २४. | उमाशंकर प्रसाद जयसवाल | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय रामेछाप | सदस्य | [signature] |
| २५. | विश्वनाथ-आचार्य | सी. जि. शि. अ. | शिक्षा [illegible] | सदस्य (सचिव) | [signature] |
| २६. | तिर्थ राज कुइँकेल | सव-इन्जिनियर | जिल्ला समन्वय समिति | कार्यालय | [signature] |
| २७. | अनुज पण्डित | इन्जिनियर | सघन शहरी तथा भवन निर्माण आयोजना | — | [signature] |
| २८. | होम व. खड्का | स. ई. (फोकल पर्सन) | [illegible] खानेपानी कार्यालय | | [signature] |
| २९. | जितेन्द्र कु. साह | जि. जन. स्वा. अ. (का. प्र.) | जनस्वास्थ्य कार्यालय, रामेछाप | सदस्य | [signature] |
| ३०. | डा. अच्युत पौडेल | रामेछाप अस्पताल रामेछाप | (मेडिकल सुपरिटेन्डेन्ट) | सदस्य | [signature] |
| ३१. | डा. सौरव दहाल | मेडिकल अधिकृत | रामेछाप अस्पताल रामेछाप | सदस्य | [signature] |
| ३२. | | | | | |
| ३३. | | | | | |
| ३४. | | | | | |
| ३५. | | | | | |
| ३६. | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

बैठकः जिल्ला विपद् व्यवस्थापन समिति
मितिः २०८१/०५/१०
ने.सं. ११४४ गुँलागा ७ सोमबार
स्थानः जिल्ला प्रशासन कार्यालयको सभाहल
समयः बिहान ०८:०० बजे

निर्णयहरुः

१. आ.ब. २०८०/८१ मा विपद् व्यवस्थापन सम्बन्धमा भएका गरेका कार्य तथा निर्णयहरुको कार्यान्वयनको विषयमा छलफल एवं समिक्षा गरियो।

२. जिल्लाको दोरम्बा शैलुङ्ग गाउँपालिका वडा नं. ३ लेखर्कस्थित पहरीगाउँमा २०८१/०५/०८ गते राती परेको अविरल बर्षाका कारण मिति २०८१/०५/०९ गते विहान अ. ३:३५ बजेको समयमा गाउँमाथिबाट आएको भलबाढी र पहिरोबाट ३ वटा घर बगाएको र १ घर पहिरोले पुरिदा ६ जनाको मृत्यु भएको, १ जना घाईते भएको र ४ जना बेपत्ता रहेकोमा सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयवासीको सहयोगमा बेपत्ता रहेकाको खोज उद्दारको कार्यलाई जारी राख्ने।

३. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा पहिरोमा परी मृत्यु हुनेहरुको घटनास्थलमा नै पोष्टमार्टम गरिएकोमा मन्थली अस्पतालका स्वास्थ्यकर्मीलाई धन्यवाद दिदै आगामी दिनमा विपद्जन्य घटनामा परी मृत्यु हुनेको हकमा उल्लेखित कार्य प्रादेशिक अस्पताल रामेछापले गर्ने र आवश्यक सहयोग मन्थली अस्पतालले गर्ने।

४. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा गएको पहिरोबाट प्रभावितहरुका लागि उपलब्ध हुने राहत सामग्री गाउँपालिकामार्फत/रोहवरमा एकद्वार प्रणालीबाट आवश्यकता पहिचानको आधारमा प्रभावितहरुलाई उपलब्ध गराउने।

५. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा गएको पहिरोमा परी मृत्यु हुनेहरुका परिवारलाई नियमानुसार बागमती प्रदेश सरकार तथा संघीय सरकारबाट उपलब्ध हुने राहत रकम सम्बन्धित वडा र गाउँपालिकाबाट विवरण प्राप्त भए पश्चात तत्काल उपलब्ध गराउने।

६. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा गएको पहिरोबाट विस्थापित भएका परिवारका लागि चाहिने आवश्यक खाद्यान्न, लत्ताकपडा, भाडावर्तन लगायतका सामग्रीहरु उपलब्ध गराउन इच्छुक व्यक्ति, निजी क्षेत्र, संघसंस्था आदिलाई आवश्यकता पहिचानको आधारमा गाउँपालिकाको एकद्वार प्रणालीमार्फत गराउन अनुरोध गर्ने।

७. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ मा भएको व्यवस्थाबमोजिम विषयगत क्षेत्रहरु (क्लष्टर)का अगुवा कार्यालय/निकायहरुले आ-आफ्नो क्षेत्रको जिम्मेवारीभित्र पर्ने (विद्युत, सडक, खानेपानी, स्वास्थ्य उपचार, इन्टरनेट, अस्थायी आवास) आधारभूत पूर्वधार तत् तत् निकायहरुले जिम्मेवारीका साथ गर्ने र सोको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने।

८. चालु आर्थिक बर्षमा बर्षादको कारणले विस्थापित भएका घरपरिवारको लागि नियमानुसार उपलब्ध गराउने राहत सामग्री तथा नगद सहायताको लागि स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त भएको विवरण एकीन गरी रकम निकाशाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

९. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कसहितका जिल्लाभित्रका विभिन्न स्थानमा बर्षादको कारणले विस्थापित भएका घरपरिवारको तत्कालको आवश्यकता पहिचानको लागि देहायबमोजिम निकायहरूको प्रतिनिधित्वसहितको समिति गठन गर्ने।

<u>देहाय</u>

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय | -संयोजक |
| जनस्वास्थ्य कार्यालय | -सदस्य |
| रामेछाप उद्योग बाणिज्य संघ | -सदस्य |
| नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | -सदस्य |
| पत्रकार महासंघ, जिल्ला शाखा | -सदस्य |
| गैरसरकारी संस्था महासंघ रामेछाप | -सदस्य |
| सम्बन्धित गाउँपालिकाको अधिकृत प्रतिनिधि | -सदस्य |

१०. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. १, २ र ३ का पहिरोको जोखिम देखिएका बस्तीहरुको जोखिमको सम्बन्धमा विशेषज्ञसहितको अध्ययन टोली खटाई उक्त बस्तीहरुको दिर्घकालीन व्यवस्थापनको सम्बन्धमा अध्ययन गर्न र आवश्यक व्यवस्थापनको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।

११. जिल्लामा विपद्का घटनाहरु घटन सक्ने जोखिम कायम नै रहेको हुँदा ५०० थान त्रिपाल र ५० थान टेन्ट तत्काल उपलब्ध गराईदिन आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशमा अनुरोध गर्ने।

१२. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा गएको पहिरोमा परी मृत्यु हुनेप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट हार्दिक समवेदना प्रकट गरियो।

१३. दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ लेखर्कमा घटेको विपदजन्य घटनामा खोज उद्दारमा खटिने सम्पूर्ण जनप्रतिनिधिहरु, सुरक्षा निकाय, राजनीतिक दल, स्थानीयबासी, राष्ट्रसेवक कर्मचारी एवं राहत व्यवस्थापनमा सहयोग गर्ने उर्जा जलस्रोत तथा सिंचाई राज्यमन्त्री माननीय श्री पूर्ण बहादुर तामाङ र सबैलाई धन्यवाद ज्ञापन गरियो।